चम्पादेवी गाँउपालिका, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ३, संख्या ३ मितिः २०७७।०२।१०

भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चम्पादेवी गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिका बाट निर्णय : २०७७/०१/२८ प्रमाणिकरण मिति : २०७७/०२/०९**

## चम्पादेवी गाउँपालिका ब्याकहुई लोडर संचालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका, २०७७

प्रस्तावना

चम्पादेवी गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहुई लोडरद्धारा गाउँ भित्रका सडक संरचना निर्माण तथा मर्मत गर्न तथा अन्य

विकास पूर्वाधार निर्माणमा उक्त ब्याकहुई लोडर सञ्चालन प्रक्रियालाई नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले चम्पादेवी गाउँपालिकाले यो ब्याकहुई लोडर संचालन तथा व्यवस्थापन निर्देशिका २०७७ जारी गरेको छ ।

१. ब्याकहुई लोडर सञ्चालन **तथा व्यवस्थापन संवन्धी नीतिहरु :-**

१.१ ब्याकहुई लोडरको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक ब्याकहुई लोडर संचालन तथा व्यवस्थापन समिति गठन गरी ब्याकहुई लोडर संचालन तथा व्यवस्थापन सम्वन्धी कार्य गर्ने जिम्मेवारी दिइनेछ ।

१.२ समितिलाई सुम्पिएका काम, कर्तव्य र अधिकार बहन गर्नका लागि आवश्यक पर्ने स्रोत, साधन संकलन तथा परिचालनको योजना बनाइ गाउँकार्यपालिकाबाट पारित गराइ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१.३ ब्याकहुई लोडर सञ्चालन तथा व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाइ पारदर्शी रुपमा सञ्चालन गरिने छ ।

१.४ सकेसम्म गाउँको विविध भौतिक निर्माण सुधारमा टेवा पुऱ्याइनेछ ।

१.५ सडक संरचना निर्माण गर्दा पर्यावरणीय प्रभावलाई ध्यान दिइने छ ।

**२. ब्याकहुई लोडर सञ्चालन व्यवस्थापन समिति सम्वन्धी व्यवस्था :-**

२.१ यस गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहुई लोडरको उचित व्यवस्थापन गरी माग भएका विभिन्न योजनाहरुमा ब्याकहुई लोडरको सञ्चालन गर्न, ब्याकहुई लोडरको रेखदेख,





मर्मत सम्भार सम्बन्धि कार्यमा अनुगमन निरिक्षण गर्न देहाय वमोजिमको एक समिति गठन गरिनेछ ।

१ गाउँपालिका भौतिक पूर्वाधार विकास समिति संयोजक - संयोजक

२ गाउँ कार्यपालिकाले तोकेको एक सदस्य- सदस्य

३ गाउँपालिका अध्यक्षले तोकेको एक जना वडाध्यक्ष- सदस्य

४ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

५ योजना शाखाको कर्मचारी इन्जिनियर - सदस्य-सचिव

२.२ समितिले आवश्यक ठानेमा ब्याकहुई लोडर अपरेटरलाई समेत छलफलमा सहभागी बनाउन सक्नेछ ।

२.३ समितिको काम, कर्तव्य र अधिकार : प्रचलित ऐन नियमहरुको परिधि भित्र रहि समितिलाई देहाय अनुसार काम, कर्तव्य र अधिकारहरु हुनेछन् -

१. ब्याकहुई लोडर परिचालन गरी निर्माण गरिने सडक योजनाहरु संकलन तथा प्राथमिकता तय गर्ने तथा संचालनका लागि योजनाहरु छनौट गर्ने ।

२ छनौट भएका योजनामा ब्याकहुई लोडर संचालन गर्ने स्वीकृति दिने, संझौता गर्ने ।

३. संझौताको अवधि भित्र तोकिए अनुसार कार्य भए नभएको अनुगमन गर्ने, तोकिए अनुसार कार्य कोहि कसैको कारणबाट नभएको पाइएमा कारवाहीका लागि सिफारिस गर्ने, उपभोक्ता समितिको कारणबाट कार्य हुन नसकेको पाइएमा संझौता रद्ध गर्ने र ब्याकहुई लोडर फिर्ता बोलाउने ।

४. योजना सञ्चालनमा ब्याकहुई लोडर परिचालन गर्दा सुरक्षा तथा जन परिचालनको बारे अध्ययन गरेर मात्र पठाउने ।

५. आवधिक गाउँपालिका विकास योजना, गाउँपालिका यातायात गुरु योजना तथा गाउँसभा द्वारा स्वीकृत योजनाहरुमा प्राथमिकता दिइ ब्याकहुई लोडर संचालन गराउने ।

६. समय समयमा ब्याकहुई लोडरको जाँच गरी/गराइ मर्मत गर्नु पर्ने अवस्था देखिए तुरुन्त मर्मत गराइ बर्षैभरि निर्बाध रुपमा ब्याकहुई लोडर संचालन गर्न सकिने व्यवस्था मिलाउने ।

७. पटक पटक फेरवदल गर्न पर्ने प्रकारका स्पेयर पार्टसहरु मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

८. ब्याकहुई लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धि तत्काल आइ पर्ने अन्य कार्यहरु गर्ने ।

**३. ब्याकहुई लोडरद्वारा योजना संचालन गर्ने सम्बन्धि कार्यविधि :-**

१. गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहुई लोडरद्वारा योजना सञ्चालन गर्न चाहने योजनाको उपभोक्ता समितिको अध्यक्षले उपभोक्ता समितिको निर्णय सहित तोकिएको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

२. निवेदन साथ दरखास्त दस्तुर वापत रु. १००/- (एक सय) तथा कति कार्य घन्टा लागि ब्याकहुई लोडर माग गरेको हो त्यति घन्टाका लागि प्रति घन्टा रु.२०००/- (दुइ हजार) का दरले हुन आउने अनुमानित रकमको ५०% (पचास प्रतिशत) रकम कार्य सुरु हुन अगावै गाउँपालिकाको आन्तरीक चल्ति हि.नं.............................. मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।





३. यो निर्देशिका वमोजिम माग भएको योजनामा ब्याकहुई लोडर सञ्चालन गर्ने निर्णय भएमा सोको जानकारी सम्बन्धित अध्यक्ष मार्फत उपभोक्ता समितिलाई दिइनेछ ।

४. ब्याकहुई लोडर सञ्चालन गर्ने निर्णय भएपछि सम्बन्धित स्थानमा ब्याकहुई लोडर पठाउने, सो का लागी प्रयोग गरिने इन्धनको समेत व्यवस्था गाँउपालिकाले गर्ने छ ।

५. योजना सञ्चालन अवधिमा आवश्यक पर्ने मोविल, ब्याकहुई लोडर रहेको स्थानबाट योजना स्थल र योजना सम्पन्न भएपछि नजिकका मुख्य सडकसम्म जाने इन्धनको व्यवस्था सम्वन्धित उपभोक्ता समितिले नै गर्नु पर्नेछ । तर मेशिनको मर्मत संभार पछि मोविल फेर्नु पर्ने भएमा गाउँपालिकाले एकपटकका लागि मोविल, ग्रिज आदि फेर्नेछ ।

६. योजना सञ्चालनमा ब्याकहुई लोडर प्रयोग गर्न चाहने उपभोक्ता समितिले ब्याकहुई लोडर को सुरक्षा प्रत्याभूति (ग्यारेण्टी) पत्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

७. यो निर्देशिका वमोजिम निर्दिष्ट अपरेटर, हेल्पर समेतको ओभर टायम भत्ता समेत सम्वन्धित उपभोक्ता समितिले नै उपलव्ध गराउनु पर्नेछ ।

८. योजना स्थलमा ब्याकहुई लोडर पठाउनु अघि ब्याकहुई लोडर अप्रेटर सहितका प्राविधिकद्वारा साइटको अध्ययन गराउनु पर्नेछ । प्राविधिक दृष्टिले साइट उपयुक्त भए नभएको विषयमा निजहरुले पेश गरेको प्रतिवेदन तथा लगत स्टिमेट समेतलाई आधार मानि ब्याकहुई लोडर सञ्चालनको स्वीकृति दिइनेछ ।

९. समितिले छनौट गरि सम्झौता भइ ब्याकहुइ लोडर मेशिन सञ्चालन भएको आयोजना स्थलको अनुगमन गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको गाउँपालिका स्तरिय अनुगमन समिति मार्फत गरिनेछ ।

**४. ब्याकहुई लोडर द्वारा निर्माण कार्य गर्ने उपभोक्ता समितिले कार्य सम्पन्न भएपछि प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।**

ब्याकहुई लोडर सञ्चालन सम्बन्धि लगबुक राख्नु पर्ने:- कुनै पनि योजनामा ब्याकहुई लोडर सञ्चालन गर्दा सो को लगबुक अनुसूची तीन बमोजिम राख्नु अपरेटरको कर्तव्य हुनेछ । लगबुक नराखी ब्याकहुई लोडर सञ्चालन गरेको पाइएमा उप-समितिले अपरेटरलाई आवश्यक कारवाहीका लागि गाउँपालिका समक्ष सिफारिश गर्नसक्नेछ ।

**५. निजी क्षेत्रले समेत ब्याकहुई लोडर प्रयोग गर्न पाउने :-**

गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहुई लोडर सञ्चालन गर्न चाहने निजी क्षेत्रका संघ संस्था, वा व्यक्तिहरुले यो निर्देशिकाका अन्य प्रकरणहरुका अधिनमा रही प्रति घन्टा रु. २५०० रुपैयाँका दरले रकम बुझाए पछि ब्याकहुई लोडर प्रयोग गर्न सक्नेछन ।

**६. ब्याकहुई लोडर सञ्चालन वापत प्राप्त रकम खर्च गर्न पाउने :-**

ब्याकहुई लोडर सञ्चालन गरे वापत यो निर्देशिका बमोजिम ब्याकहुई लोडर खातामा जम्मा हुन आएको रकम ब्याकहुई





लोडर सञ्चालन व्यवस्थापन तथा ब्याकहुई लोडर सञ्चालनमा संलग्न ब्याकहुई लोडर अपरेटर, हेल्परको तलब भत्ता, मेशिनको मर्मत सम्भारमा पहिलो प्राथमिकता र बाँकी रकम अन्य कार्यमा खच गर्नु पर्ने छ ।

**७. अपरेटर तथा हेल्परलाई भत्ता दिनु पर्ने:-** ब्याकहुई लोडर द्वारा योजना सञ्चालन गर्न चाहने उपभोक्ता समितिका अध्यक्षले प्रति कार्य दिन अपरेटरलाई रु २०० तथा हेल्परलाई रु.१०० रुपैयाँका दरले भत्ता योजना सम्पन्न भएका दिन सम्ममा भुक्तानी गर्नु पर्नेछ । भत्ताको दर समयानुसार समायोजन गर्न सकिनेछ ।

**८. खाता सञ्चालन :-** ब्याकहुई लोडर सञ्चालन भई जम्मा भएको रकम गाउँपालिकाको आन्तरि राजस्व खातामा जम्मा हुनेछ । सो बैंक खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख को संयुक्त दस्तखतबाट हुनेछ ।

**९. ब्याकहुई लोडर मर्मत सम्बन्धि व्यवस्था:-** ब्याकहुई लोडर बिग्रिएर मर्मत गर्नु पर्ने अवस्था भएमा कुन कुन कुराको मर्मत संभार गर्नु पर्ने हो । कुन कुन सामानहरु फेरबदल गर्नु पर्ने हो सो को विवरण सहित अपरेटरले सचिव समक्ष निवेदन दिनु पर्नेछ । अपरेटरको निवेदन प्राप्त भए पछि सचिवले तत्काल उप-समितिको बैठक वोलाउन लगाइ आवश्यक छलफल र उप-समितिको निर्णय वमोजिम सम्बन्धि प्राविधिकबाट लागत अनुमान तयार गराइ

गाउँबाट निर्णय गराइ प्रचलित ऐन तथा नियमावली बमोजिम मर्मत संभार गराउनु पर्नेछ ।

१०. **अवाञ्छित प्रभाव पार्न नहुने:-** यो निर्देशिका बमोजिम ब्याकहुई लोडर द्वारा योजना सञ्चालन गर्ने उपभोक्ता समितिको अध्यक्ष लगायत संवद्ध पक्षले उप-समितिको निर्णयलाई स्वीकार गर्नु पर्नेछ । विभिन्न योजनाहरुबाट एकैपटक ब्याकहुई लोडर को माग भएकोमा यो निर्देशिका बमोजिम तोकिएको प्राथमिकताक्रम वा पहिले माग गर्ने योजनालाई प्रथम प्राथमिकता दिने गरी भएको उप-समितिको निर्णयलाई कसैले अवाञ्छित प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन । कुनै योजनाका संवद्ध पक्षले त्यस्तो अवाञ्छित प्रभाव पार्ने प्रयत्न गरेमा उप-समितिले त्यस्तो योजनामा ब्याकहुई लोडर नपठाउने गरी निर्णय समेत गर्न सक्नेछ ।

११. **अधिकार प्रत्यायोजन:-** यो निर्देशिकाद्वारा उप-समितिलाई प्रदत्त अधिकार उप-समितिले सचिव वा निजले तोकेको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र सचिवलाई प्रदत्त अधिकार निजले तोकेको कर्मचारीलाई प्रत्यायोजन गर्न समेत बाधा पुग्ने छैन ।

१२. **निर्देशिकामा संशोधन :-** यो निर्देशिकामा संशोधन गर्न आवश्यक भएमा समितिको सिफारिशमा गाउँ कार्यपालिका मार्फत गाउँ सभाको बैठकले गर्न सक्नेछ ।





## अनुसूची-१

### ब्याकहुई लोडर माग सम्बन्धि निवेदन पत्रको ढाँचा

श्रीमान् संयोजकज्यू,
ब्याकहुई लोडर सञ्चालन व्यवस्थापन उप-समिति
चम्पादेवी गाउँपालिका, कालिका, ओखलढुंगा ।

**विषय : ब्याकहुई लोडर उपलब्ध गराइदिने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा .......................... उपभोक्ता समितिको तर्फबाट यो निवेदन............................................................ योजनामा ब्याकहुई लोडरको प्रयोग गरी योजना सञ्चालन गर्ने .......................... उपभोक्ता समितिको मिति २० / / को निर्णय बमोजिम ............कार्यका लागि लाग्ने भाडा रु. ................. तहाँ कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको चल्ती हिसाव नं. ग-१.१ (२०७००३०१०१०००२) मा जम्मा गरी सो को सक्कल भौचर यसै साथ पेश गरेको छु । ब्याकहुई लोडर सञ्चालन व्यवस्थापन निर्देशिका २०७७ द्वारा जारी गरिएका सम्पूर्ण प्रावधानलाई पूर्णतः पालन गर्ने गराउनेछु । ब्याकहुई लोडर उपलब्ध गराइ सहयोग गरी दिनु हुन अनुरोध गर्दछु ।

........................ ................ वडा नं.
..........बस्ने ........................................
समितिका तर्फबाट ..........................
समितिका
................ श्री .....................

## अनुसूची-२

**ब्याकहुई लोडर** सञ्चालन **सम्झौता पत्रको ढाँचा**

चम्पादेवी गाउँपालिका ब्याकहुई लोडर सञ्चालन व्यवस्थापन उप-समिति र ...................... बीच ब्याकहुई लोडर सञ्चालन सम्वन्धी सम्झौता पत्र

१. यो संझौता पत्रमा ब्याकहुई लोडर संचालन व्यवस्थापन उप-समितिलाई पहिलो पक्ष र .......... ............................ लाई दोस्रो पक्ष भनिनेछ ।

२. ........................ योजनामा मिति २० / / गते .......... बजेदेखि मिति २० / / गते ......... बजेसम्म अनुमानित घन्टा ब्याकहुई लोडर सञ्चालन गर्न गराउन दुवै पक्ष सहमति जनाउदछौ ।

३. सञ्चालन भएको ब्याकहुई लोडरले गरेको कामको दैनिक अभिलेख (लगवुक) अपरेटरको सहायतामा दोश्रो पक्षले राख्नु पर्नेछ ।

४. काममा खटिएका अवधिमा ब्याकहुई लोडर तथा ब्याकहुई लोडर व्यवस्थापनमा खटिने कर्मचारीको सुरक्षा दोस्रो पक्षले गर्नु पर्नेछ ।

५ दोस्रो पक्षले गलत व्यवस्थापनका कारण योजनास्थलमा ब्याकहुई लोडर काम वेगर बसेको पाइएमा त्यस्तो अवधिको डोजर भाडा समेत दोस्रो पक्षले पहिलो पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।





६. ब्याकहुई लोडर प्रयोग गरी योजना सञ्चालन गर्दा प्राविधिक सहयोग, सुपरीवेक्षण तथा अनुगमनको कार्य दोस्रो पक्षले मागेमा पहिलो पक्षले गर्नेछ ।

७. ब्याकहुई लोडर सञ्चालन अवधिमा कुनै प्रकारको विवाद सिर्जना भइ विवादको समाधान १ दिन भित्र हुन नसकी ब्याकहुई लोडर सञ्चालन रोकिएमा पहिलो पक्षले विवादको गम्भीरतालाई हेरी तत्काल ब्याकहुई लोडर फिर्ता बोलाएमा दोस्रो पक्षले बाधा विरोध गर्ने छैन ।

८. ब्याकहुई लोडर सञ्चालन व्यवस्थापन निर्देशिका लाई दोस्रो पक्षले समेत पूर्ण रुपमा पालन गर्नेछ ।

९. ब्याकहुई लोडर सञ्चालन सम्वन्धमा पहिलो र दोस्रो पक्ष बीच विवाद सिर्जना भएमा दुवै पक्षलाई उपयुक्त हुने गरी निकास निकाल्ने प्रयत्न गरिने छ । त्यस्तो निकास निस्कन नसकेमा पहिलो पक्षको निर्णयलाई दोस्रो पक्षले स्वीकार गर्नु पर्नेछ ।

| | |
|---|---|
| दस्तखत : ..................... | दस्तखत |
| : .................... | |
| नाम : .................... | नाम : |
| .................... | |
| पद : ........................ | पद : |
| ........................ ... | |
| ................ उपभोक्ता समिति | ब्याकहुई लोडर संचालन |
| व्यवस्थापन उप-समिति | |

## अनुसूची-३

चम्पादेवी गाउँपालिका, कालिका, ओखलढुंगा
व्याकहुई लोडर संचालन, व्यवस्थापन उप-समिति
व्याकहुई लोडर प्रयोग सम्वन्धी लगवुक
योजनाको नाम :-
योजना अध्यक्षको नाम :-
संभौता मिति :- संभौता अवधि : २० / / देखि २० / / सम्म जम्मा दिन ..........

| क.स | व्याकहुई लोडर प्रयोग भएको मिति | समय | | | इन्धन तथा लुब्रिकेन्टस खपत विवरण | | | | | सम्भौता अवधिमा व्याकहुई लोडर प्रयोग हुन नसकेको | | | | अपरेटर को दस्तखत | व्याकहुई लोडरले यो योजनामा खनेको कुल लम्बाई वा परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजेल | मोबिल | ग्रिज | सि आयल | अन्य | प्रयोग हुन नसक्नुको कारण | समय: देखि | समय: सम्म | समय: जम्मा घण्टा | | | |
| | | | | | | | | | | | | | | | | |

**आज्ञाले,**
सरोज थापा
नि.प्रमुख प्रशासकीय अधिकृत